# रोङ गाउँपालिका
# अभिभावक शिक्षा सञ्चालन कार्यविधि, २०८०

**प्रस्तावना :**

रोङ गाउँपालिकामा सञ्चालित सम्पूर्ण सामुदायिक विद्यालय तथा संस्थागत विद्यालय अन्तर्गत अध्ययन गर्ने बालबालिकाका अभिभावकहरूलाई विद्यालयप्रतिको उत्तरदायित्व बोध गराउन साथै बालबालिकाको शैक्षिक लगायत अन्य सम्पूर्ण पक्षको विकासमा अभिभावकको भूमिकाबारे जानकारी गराई शैक्षिक गुणस्तर माथि उठाउन साथै बालबालिकाको सर्वाङ्गीण विकासका लागि अभिभावक शिक्षाको भूमिका महत्वपूर्ण हुने वाञ्छनीय भएकोले नेपालको संविधान २०७२ को अनुसुची ८ को बुँदा ८ र रोङ गाउँपालिकाको स्थानीय शिक्षा ऐनको नियम ५९ को उपनियम १ र २ बमोजिमको अधिकार प्रयोग गरी रोङ गाउँपालिकाद्वारा यो अभिभावक शिक्षा सञ्चालन कार्य विधि, २०८० तयार गरी लागु गरिएको छ।

## परिच्छेदः १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

यस कार्यविधिको नाम अभिभावक शिक्षा सञ्चालन कार्य विधि, २०८० रहने छ।

यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भई राजपत्रमा प्रकाशित भएको मितिदेखि लागु हुने छ।

**२. परिभाषा विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,**

क) “ऐन” भन्नाले रोङ गाउँपालिकाको शिक्षा ऐन २०७५ लाई सम्झनु पर्दछ।

ख) “अध्यक्ष” भन्नाले रोङ गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ।

ग) “उपाध्यक्ष”भन्नाले रोङ गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्दछ।

घ) “प्रमुख प्रशासकीय अधिकृत”भन्नाले रोङ गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

ङ) “शिक्षा अधिकृत” भन्नाले रोङ गाउँपालिकाको शिक्षा युवा तथा खेलकुद शाखाको अधिकृतलाई सम्झनु पर्दछ।

च) “सामाजिक विकास समितिका संयोजक”भन्नाले कार्यपालिका अन्तर्गतको सामाजिक विकाससम्बन्धी विषयक्षेत्र हेर्ने समितिका संयोजकलाई सम्झनु पर्दछ।

छ) “शिक्षा शाखा” भन्नाले रोङ गाउँपालिकाको शिक्षा युवा तथा खेलकुद शाखालाई सम्झनु पर्दछ।

ज) “अभिभावक”भन्नाले रोङ गाउँपालिकाभित्र अध्ययन गर्ने विद्यार्थीका अभिभावकलाई सम्झनु पर्दछ।

झ) “ कार्यविधि” भन्नाले अभिभावक शिक्षा सञ्चालन कार्य विधि, २०८० लाई सम्झनु पर्दछ।

## परिच्छेद : २
## कार्यविधिको उद्देश्य

**३. कार्यविधिको उद्देश्यः** कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ :

क) विद्यालय शिक्षाको गुणस्तर सुधार गर्न सहयोग गर्ने ।

ख) विद्यालय,विद्यार्थी र समुदायको अन्योन्याश्रित सम्बन्ध सुधार गर्न मद्दत गर्ने ।

ग) गुणस्तर सुधारमा अभिभावकलाई जिम्मेवार बनाउन ।

घ) विद्यार्थीको विद्यालय समय बाहेकको समय राम्रोसँग व्यवस्थापन गराई गुणस्तर सुधार गर्न ।

ङ) समुदाय र विद्यालयको सम्बन्ध प्रगाढ बनाई गुणस्तर सुधार गर्ने ।

च) शिक्षामा अभिभावको भूमिकाको महत्व उजागर गरी अभिभावकलाई जिम्मेवार बनाउने ।

## परिच्छेद - ३
## अभिभावक शिक्षा सञ्चालक समितिसम्बन्धी व्यवस्था

**४. अभिभावक शिक्षा सञ्चालनका लागि पालिकास्तरमा देहायबमोजिमको व्यवस्थापन समिति गठन हुने छः**

| | |
|---|---|
| क) गाउँपालिका अध्यक्ष | अध्यक्ष |
| ख) गाउँपालिका उपाध्यक्ष | सदस्य |
| ग) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| घ) सामाजिक विकास समितिका संयोजक | सदस्य |
| ङ) शिक्षा शाखा प्रमुख | सदस्य-सचिव |

**५.बैठकः** समितिको बैठक आवश्यकताअनुसार बस्ने छ । अध्यक्षको परामर्शमा सदस्य सचिवले समितिको बैठक बोलाउने छ। बैठकको गणपुरक संख्या ५१ प्रतिशत हुने छ। समितिको बैठकमा अध्यक्षले अध्यक्षता गर्ने छ। अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले बैठकको अध्यक्षता गर्ने छ।

**५.१ समितिको काम,कर्तव्य र अधिकारः** समितिको काम,कर्तव्य र अधिकार देहायबमोजिम हुने छ :

क) तोकिएको मापदण्डको आधारमाविद्यालयबाट सहजकर्ता छनोट गरी आवश्यकतानुसारको विद्यालयको लागि जिम्मेवारी तोकिने छ।

ख) अभिभावक शिक्षा कार्यक्रम सञ्चालनको अनुगमन, नियमन गर्ने।

ग) अभिभावक शिक्षाको मर्मअनुरुप कार्य गर्ने उत्कृष्ट सहजकर्ता र अभिभावकलाई प्रोत्साहित गर्ने।

घ) विद्यालयहरूमा अभिभावक शिक्षा कार्यक्रममा विद्यार्थी,अभिभावक,शिक्षक,विद्यालय व्यवस्थापन समिति,शिक्षक अभिभावक संघ र आमा समूह, पूर्व विद्यार्थी समाजको सक्रिय सहभागिता कायम गर्न सहजीकरण गर्ने ।

ङ) प्रत्येक विद्यालयमा गुरु अभिभावकहरू उत्पादन गर्न प्रोत्साहन गर्ने ।

च) शिक्षा गुणस्तर सुधार गर्न जनप्रतिनिधि,शिक्षक,अभिभावक,राजनैतिक दल,समाजसेवी,संघ संस्था लगायतलाई आवश्यकतानुसार समन्वय र परिचालन गर्ने ।

**६. अभिभावक शिक्षा सञ्चालनको लागि वडा स्तरमा व्यवस्थापन गर्नको लागि वडा शिक्षा समितिले नै कार्य गर्ने छ ।**

**६.१ वडास्तरीय शिक्षा  समितिको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ ।**

क) वडा भित्रका विद्यालयहरूमा तोकिएको समयमा अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्न सहयोग गर्ने ।

ख) अभिभावकहरूलाई विद्यालयप्रतिको जिम्मेवारी,अपनत्व कायम गर्न सहयोग गर्ने ।

ग) विद्यालयहरूमा अभिभावक शिक्षा कार्यक्रममा विद्यार्थी,अभिभावक,शिक्षक विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सँघ र आमा समूहको सक्रिय सहभागिता कायम गर्न सहजीकरण गर्ने ।

घ) गुरु अभिभावक उत्पादन गर्न सहजीकरण गर्ने ।

ङ) अभिभावक परिचयपत्रको प्रयोगमा सहयोग पुर्याउने । परिचयपत्रको ढाँचा तोकिए बमोजिम हुने छ ।

च) अभिभावक शिक्षासम्बन्धी त्रैमासिक र वार्षिक प्रगति प्रतिवेदन तयार गरी पालिकास्तरीय अभिभावक शिक्षा समितिमा पेश गर्ने ।

**७. अभिभावक शिक्षा सञ्चालनका लागि विद्यालयस्तरमा देहायबमोजिमको व्यवस्थापन समिति गठन हुनेछः**

| | |
|---|---|
| क) शिक्षक अभिभावक संघको अध्यक्ष | संयोजक |
| ख) आमा समूह संयोजक | सदस्य |
| ग) विद्यालय व्यवस्थापन समिति प्रतिनिधि | सदस्य |
| घ) भूगोल समेटिने गरी विद्यालय व्यवस्थापन समितिबाट मनोनित अभिभावकहरूमध्येबाट एकजना महिलासहित २ जना | सदस्य |
| ङ) शिक्षकहरूमध्येबाट १ जना प्रतिनिधि | सदस्य |
| च) सम्बन्धित विद्यालयको प्रधानाध्यापक वा प्रधानाध्यापकले तोकेको व्यक्ति | सदस्य सचिव |

**७.१ अभिभावक शिक्षा सञ्चालन कार्यमा विद्यालयस्तरीय समितिको काम कर्तव्य र अधिकारः**

क. अभिभावकहरूलाई उपस्थिति गराउने ।

ख. कार्यक्रमको सञ्चालन कार्यका लागि सामग्री उपलब्धता, भौतिक व्यवस्थापनमा सहयोग लगायतका कार्यमा सहयोग पुर्याउने ।

ग.अभिभावकहरूको उपस्थितिमा नियमितता गराउन विद्यालयले स्वयम् नियम बनाई लागु गर्न सक्ने छ।

घ. अभिभावक परिचय पत्र प्रभावकारी रुपमा लागु गर्ने।

ङ. अभिभावक शिक्षासम्बन्धी त्रैमासिक र वार्षिक प्रगति प्रतिवेदन तयार गरी वडा र पालिका स्तरीय अभिभावक शिक्षा समितिमा पेश गर्ने।

च. तोकिएको ढाँचामा उत्कृष्ट अभिभावक छनौट गरी त्रैमासिक र वार्षिक प्रगति प्रतिवेदनसँगै वडामा पठाउने।

## परिच्छेद – ४
## अभिभावक शिक्षा सञ्चालन प्रक्रिया

**८. सहजकर्ता:** अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्नका लागि प्रत्येक वडामा ३- ८ जनाका दरले सहजकर्ता तयार गरिने छ।उक्त सहजकर्ता तयार गर्न शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट तयार गरिएको विज्ञको सहयोग लिई रोङ गाउँपालिकाद्वारा तयार गरिएको अभिभावक शिक्षा सहजीकरण पुस्तिकालाई मुख्य आधार बनाई विषयवस्तु सहजीकरणमा सहयोग लिइने छ।

**९. समयावधि:** प्रत्येक वडामा सहजकर्ता तयार गर्नका लागि रोङ गाउँपालिकाद्वारा आवश्यकतानुसार तालिमको व्यवस्था गर्ने छ र उत्पादित सहजकर्ताले वडाका सबै विद्यालयमा अभिभावकहरू उपस्थित गराई महिनामा १ पटक अभिभावक शिक्षा प्रदान गर्नुपर्ने छ।

**१०.पारिश्रमिक:** सहजकर्ताको पारिश्रमिक रोङ गाउँपालिकाको कार्यपालिकाले निर्णय गरेको दररेट अनुरुप हुने छ।

**११.तालिम सामग्री:** अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्न स्टेशनरीबाहेक विद्यालयकै सम्पूर्ण सामग्रीहरू प्रयोग गर्न सकिने छ।

**१२**.अभिभावक शिक्षा सहजीकरण कक्षामा सहभागी हुने अभिभावक भन्नाले पहिलो प्राथमिकतामा बुवाआमा हुनुपर्ने छ। बुवाआमा नभएको हकमा मात्र बाजे बज्यै, काका काकी, दाजु दिदी वा संरक्षक हुने छ।

**१३.** अभिभावक शिक्षा सञ्चालन भएको दिन कक्षा ८-१२ सम्मका विद्यार्थीहरू त्यस दिन घरमै बसेर घरायसी काममा सहयोग गरी व्यवहारिक सीप सिक्नुपर्ने छ।

**१४.** कार्यक्रमको विवरण सहजकर्ताद्वारा पालिकाले उपलब्ध गराएको अनलाइन सफ्टवेयरमा भर्नुपर्ने छ।

**१५.** अभिभावक परिचयपत्रमा अभिभावकहरू (काबुभन्दा बाहिरको अवस्थामा बाहेक )अनुपस्थित भएको पाइएमा वडा कार्यालयबाट पाउने (विद्यार्थीसँग सम्बन्धित सिफारिस,जन्मदर्ता,वडाले प्रदान गर्ने छात्रवृत्ति,वडाबाट विद्यार्थीलाई प्रदान गरिने सेवा सुविधा ) बाट वञ्चित हुनुपर्ने छ। यसरी सुविधाको प्राप्ति सम्बन्धी गाउँपालिकासँग अभिभावकले गर्ने मन्जुरीनामा तोकिए बमोजिम हुने छ।

**१६.** प्रत्येक महिनाको अन्तिम शुक्रबार अभिभावक शिक्षा सञ्चालन हुने छ।

## परिच्छेद- ५
## सहजकर्ता नियुक्ति प्रक्रिया

**१७. सूचना प्रकाशन गर्ने**: अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्ने सहजकर्ता नियुक्तिको लागि गाउँपलिकाले कम्तिमा ७ दिनको समयसीमा दिई दफा १९ बमोजिमको योग्यता पुगेका व्यक्तिलाई दरखास्त दिनको लागि सूचना प्रकाशन गर्ने छ।

**१८. दरखास्त दिने**: दफा ८ बमोजिम सूचना प्रकाशन भए पश्चात् सहजकर्ता पदमा उम्मेद्वार हुन इच्छुक व्यक्तिले तोकिएको समयसीमाभित्र अनलाइनमार्फत शिक्षा शाखामा दरखास्त दिन सक्ने छ। शिक्षा शाखाले पेश हुन आएका दरखास्त सङ्कलन र तिनको सूची तयार गरी अभिभावक शिक्षा सञ्चालन समिति समक्ष पेश गर्ने छ।

**१९. सहजकर्ताको लागि दरखास्त दिन आवश्यक योग्यता**: देहायको योग्यता पुगेका व्यक्तिले सहजकर्ता पदमा दरखास्त पेश गर्नसक्ने छन् :

क. मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा स्नातकतह उत्तीर्ण गरेको।
ख. शिक्षक अनिवार्य हुनुपर्ने छ।
ग. नेपाली नागरिक।
घ. उच्च नैतिक चरित्र भएको।
ङ. बाल मनोविज्ञानको ज्ञान भएको।
च. कुनै राजनीतिक दलको सदस्य नरहेको।
छ. रोङ गाउँपालिकामा स्थायी बसोबास गर्ने तथा अन्यत्र स्थायी बसोबास भई रोङ गाउँपालिकाको सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरू हुनुपर्ने।
ज. १८ वर्ष पूरा भई ६० वर्ष ननाघेको।
झ. कम्प्युटरको आधारभूत ज्ञानसम्बन्धी प्रमाणपत्र भएको।

## परिच्छेदः ६
## विविध

**२०. कार्यविधि संशोधन , खारेजी र बचाउः**

क) **व्याख्या गर्ने अधिकार**:यस कार्यविधिको अन्तिम व्याख्या गर्ने अधिकार रोङ्गाउँपालिकाको गाउँकार्यपालिकालाई हुने छ।

ख) **खारेजी र बचाउः** यस कार्यविधिमा उल्लेख भएकोमा यसै बमोजिम र उल्लेख नभएको हकमा प्रचलित कानून बमोजिम हुने छ। यस कार्यविधिमा उल्लेखित कुनै पनि प्रावधान प्रचलित कानुनसँग बाझिन गएमा बाझिएको हदसम्म स्वतः अमान्य हुने छ

आज्ञाले<br>
अनिल तिखत्री<br>
प्रमुख प्रशासकीय अधिकृत<br>
रोङ गाउँपालिका, इलाम।

निशान छाप

**अनुसुची १**
**नियम ६(६.१(ङ) ) सँग सम्बन्धित**
**रोङ गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**शिक्षा युवा तथा खेलकुद शाखा**
**विद्यार्थी- अभिभावक परिचयपत्र**
**परिचयपत्र नं-(IEMIS विद्यालयको कोड/कक्षा/विद्यार्थीको रोल नं )**

पासपोर्ट साइजको फोटो

<u>अभिभावकको</u>

नामः……………………………………
ठेगानाः…………………………………
नागरिकता नं…………………..
जन्म मितिः………………………..
विद्यार्थीको नाम ..............................

<u>विद्यार्थी अध्ययनरत विद्यालयको</u>

नामः…………………………………
ठेगानाः………………………………
IEMIS Code…………………….

……………………………………………………………..

| | |
|---|---|
| प्रधानाध्यापक | शिक्षा शाखा प्रमुख |
| नाम : | नाम : |
| मिति : | मिति : |

द्रष्टव्य-रोङ गाउँपालिका अन्तर्गतका वडा कार्यालयहरूबाट प्रदान गरिने सेवा लिन जाँदा यो परिचय पत्र अनिवार्य रुपमा लिएर जानुपर्ने छ।

परिचयपत्रको ढाँचा लम्बाई ६.७ सेन्टिमिटर लम्बाई, ९.९ सेन्टिमिटर उचाइ रहेको हुने छ।

<u>अध्ययनरत विद्यार्थीको</u>

नामः……………………………………………

कक्षाः……………………………………………

नामः……………………………………………

कक्षाः ……………………………………………

**अभिभावक शिक्षा कार्यक्रममा सहभागी हुन विद्यालयमा उपस्थित भएको विवरण**

| क्र. स. | मिति | प्र.अ. को हस्ताक्षर | कैफियत |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |
| ७ | | | |
| ८ | | | |
| ९ | | | |
| १० | | | |
| ११ | | | |
| १२ | | | |

## अनुसूची -२

## उत्कृष्ट अभिभावक छनौटका आधार तथा मापदण्डहरू

| क्र. स. | विवरण | आधार | पूर्णाङ्क | कैफियत |
|---|---|---|---|---|
| १ | अभिभावक नियमितता | • १००%उपस्थिति भएमा ५ अंक<br>• ७५% उपस्थिति भएमा ४ अंक<br>• ५०% उपस्थिति भएमा ३ अंक | ५ | |
| २ | सक्रियता | • विषयवस्तुप्रति धेरै जिज्ञासुभएमा ५<br>• विषयवस्तुप्रति कम जिज्ञासु भएमा ४<br>• विषयवस्तुप्रतिजिज्ञासा नदिएमा सहभागी मात्र भएमा ३ | ५ | |
| ३ | सामाजिकीकरण | • उत्तम ५<br>• सामान्य ४<br>• कम्जोर ३ | ५ | |
| ५ | विद्यालय प्रतिको जिम्मेवारी | • वहन गरेमा ५<br>• वहन नगरेमा ३ | ५ | |
| ६ | विद्यार्थी नियमितता र सरसफाइमा | • उत्तम ५<br>• सामान्य ४<br>• कम्जोर ३ | ५ | |
| ७ | विद्यार्थीको गृहकार्य | • नियमित गर्न सहयोग गरेमा ५<br>• नियमित नगरेको पाइएमा ३ | ५ | |
| ८ | विद्यार्थीको नतिजा विश्लेषणमा सहभागिता | • सक्रिय सहभागिता ५<br>• सहभागिता मात्र ४<br>• निश्क्रियता ३ | ५ | |

अनुसूची ३

परिच्छेद - ४ (दफा) १५ सँग सम्बन्धित

**अभिभावक र गाउँपालिकाबिच गरिने मन्जुरीनामा**

इलाम जिल्ला रोङ गाउँपालिका वडा नं .... स्थित ...........विद्यालयमा अध्ययनरत ................को अभिभावक म जिल्ला ........गाउँ/नगरपालिका वडा नं ...... स्थायी ठेगाना भई ........बस्ने म .............(नाम थर ठेगाना) ले रोङ गाउँपालिकाको अभिभावक शिक्षासम्बन्धी कार्यविधी २०८० बमोजिम उक्त कार्यविधीले तोकेका शर्तको अधीनमा रही अभिभावक शिक्षा लिन अनिवार्य उपस्थित हुने छु । अन्यथा गाउँपालिकाको वडा र गाउँपालिकाको कार्यालयबाट नियमित रूपमा प्राप्त गर्ने सम्पूर्ण प्रकारका (कानुनले बाध्यकारी र अत्यावश्यक तोकेका बाहेक) सेवा सुविधाबाट बञ्चित हुन मन्जुर रहेको छु ।

अभिभावकको

नामथर :

ठेगानाः

विद्यालयको नाम

ना.प्र.नं

गाउँपालिकाको तर्फबाट

नाम :

पद :

शाखा :

साक्षी

१.

साक्षी